# गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

**गण्डकी पर्यटन विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन, २०७८**

खण्ड : ५ संख्या : ४ मिति : २०७८/०४/०६

**भाग : १**

**गण्डकी गाउँपालिका**

# गण्डकी पर्यटन विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन,२०७८

## प्रस्तावना:

गाउ कार्यपालिकाको समग्र प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्बद्र्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार एवं प्रबद्र्धन गरी अन्तर्राष्ट्रिय रूपमा गण्डकी गाउँपालिका लाई एक आकर्षक र भरपर्दो पर्यटन स्थलहरूको रूपमा विकसित गरेर राष्ट्रिय उत्पादन, विदेशी मुद्रा आर्जन र रोजगारीका अवसरहरूको सृजनामा अधिकतम बृद्धि गर्नका निमित्त गाउपलिका पर्यटन बोर्डको स्थापना गर्न र त्यसको कार्य सन्चालन सम्बन्धी व्यवस्था गर्न वान्छनीय भएकोले गण्डकी गाउँसभाले स्थानीय सरकार संचालन एन २०७४ को दफा १०२ अनुसार पर्यटन बोर्ड ऐन २०७८ बनाई लागू गरेको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम “गण्डकी पर्यटन विकास बोर्ड ऐन, २०७८” रहेको छ ।

(२) यो ऐन गण्डकी गाउपलिकाले गाउँ पालिकाको राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

## २.परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) “बोर्ड” भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी पर्यटन बोर्ड सम्झनु पर्छ ।

(ख) “समिति” भन्नाले दफा ९ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ ।

(ग) “पर्यटक” भन्नाले देशी तथा विदेशी मुलुकबाट भ्रमणको लागि गण्डकी पालिकामा आउने नेपाली तथा गैर नेपाली नागरिक सम्झनु पर्छ ।

(घ) “पर्यटन व्यवसाय” भन्नाले,–

१. पर्यटकहरूको निमित्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय परिवहनको सेवा पु¥याउने कारोबार,

२ .पर्यटकहरूलाई  गण्डकी पालिका वा गण्डकी पालिकाबाहिर कुनै पनि स्थानमा पूर्ण वा आंशिक रूपमा परिवहन, बसोबास, भ्रमण व्यवस्था, रेष्टुरेन्ट सेवा, दृश्यावलोकन, पथ प्रदर्शन, पर्वतारोहण, पदयात्रा, जलयात्रा, तथा अन्य साहसिक एवं मनोरन्जनात्मक सेवा पु¥याउने र सो वापत दशी तथा विदेशी मुद्रा आर्जन गर्ने प्रकृतिका कारोबार,

३. पर्यटकहरूलाई पूर्ण वा आंशिक रूपमा खुद्रा वस्तुहरू विक्री गर्ने कारोवार,

४. उपखण्ड (१), (२) र (३) बमोजिमको कारोबार गरी पर्यटकहरूलाई आकर्षित गर्नको निमित्त पूर्ण वा आंशिक रूपमा कला, संस्कृतिको प्रस्तुति वा अन्य कुनै प्रदर्शनी, आयोजना, मेला, प्रचार, प्रसार अभियान सन्चालन गर्ने कार्यलाई समेत सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## ३.बोर्डको स्थापना:

(१) र्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गण्डकी गाउँ पालिकालाई एक आकर्षक पर्यटन स्थलको रूपमा स्थापित गरी पर्यटन व्यवसायको विकास, विस्तार तथा प्रबद्र्धन गर्नको लागि गण्डकी पर्यटन बोर्डको नामबाट बोर्डको स्थापना गरिएको छ ।

(२) बोर्डको केन्द्रीय कार्यालय गाउपलिका केन्द्रमा रहनेछ र बोर्डले आवश्यकता अनुसार गण्डकी गाउँपालिकाका भित्र वा बाहिर जुनसुकै स्थानमा आफ्नो शाखा तथा उपशाखा कार्यालयहरू खोल्न सक्नेछ ।

## ४. बोर्ड स्वशासित संस्था हुने :

(१) बोर्ड अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुने

(२) बोर्डको सबै काम कारवाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. बोर्डको उद्देश्य : बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः–**

(क) गण्डकी गाउपलिकालाई एक आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने।

(ख) गण्डकी पालिकाको प्राकृतिक तथा सांस्कृतिक सम्पदा एवं वातावरणको संरक्षण र सम्बद्र्धन गर्दै पर्यटन व्यवसायको विकास, विस्तार र प्रबद्र्धन गर्ने ।

(ग) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबद्र्धनद्वारा राष्ट्रिय उत्पादन तथा विदेशी मुद्रा आर्जनमा अभिबृद्धि गरी बढी भन्दा बढी रोजगारीका अवसरहरूको सृजना गर्ने ।

(घ) गण्डकी गाउँपालिका लाई सुरक्षित, भरपर्दो तथा आकर्षक पर्यटन स्थलको रूपमा विकसित गरी अन्तर्राष्ट्रिय पर्यटन समुदायमा गाउँपालिकाको छविलाई उच्च एवं मर्यादित ढंगबाट स्थापित गर्ने ।

(ङ) पर्यटकहरूलाई गुणात्मक सेवा प्रदान गर्न पर्यटन व्यवसायमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने।

(च) पर्यटन व्यवसायको विकासको लागि आवश्यक संस्थाहरूको स्थापना र विकास गर्न सघाउ पु¥याउने।

**६. बोर्डको काम, कर्तव्य र अधिकार :** बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) पर्यटन व्यवसायसंग सम्बन्धित कुनै पनि कारोबार गर्नको निमित्त गण्डकी गाउँपालिकाको स्वीकृति लिई कुनै व्यक्ति, संस्था वा निकायको
प्रतिनिधिको हैसियतले कार्य गर्ने ।

(ख) पर्यटन व्यवसायको स्थापना, सुधार, विकास, विस्तार, प्रबद्र्धन तथा संरक्षण गर्ने सम्बन्धमा पूर्वाधार

विकास, पर्यटन सेवा, सुविधा विस्तार, जनशक्ति विकास र पर्यटन स्थलहरूको पर्यावरण संरक्षण गर्ने कार्य समेतका सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

(ग) पर्यटकहरूका लागि सुविधा बृद्धि गर्ने कार्यक्रमको तर्जुमा गर्ने कार्यमा संलग्न भै गण्डकीलाई एक आकर्षक पर्यटन स्थलको रूपमा विकसित गर्ने ।

(घ) पर्यटकहरूलाई सेवा प्रदान गर्ने व्यक्ति, संस्था वा निकायहरूको क्रियाकलापहरूमा समन्वय कायम गर्ने ।

(ङ) पर्यटन व्यवसायको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार पर्यटन विकाससंग सम्बन्धित कार्यक्रमहरू कार्यान्वयन गर्ने, गराउने।

(च) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबद्र्धन गर्नको लागि पर्यटन सम्बन्धी विविध क्रियाकलापहरूमा निजी क्षेत्रको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने, गराउने।

(छ) पर्यटनसंग सम्बन्धित विद्यमान भौतिक पूर्वाधारहरूको व्यवस्थित र प्रभावकारी ढंगले उपयोग गरी पर्यटकहरूलाई गण्डकी पालिकाको धार्मिक र सांस्कृतिक महत्वका स्थलहरू, उच्च हिम श्रृंखलाहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गराउन निजी क्षेत्रलाई उत्प्रेरित गर्ने ।

(ज) गण्डकी गाउँपालिका लाई एक साहसिक तथा आकर्षक पर्यटन केन्द्रको रूपमा विकसित गर्दै लैजाने र जल, स्थल र वायुमा आधारित मनोरन्जनपूर्ण तथा साहसिक पर्यटन सम्बन्धी क्रियाकलापहरूलाई मौलिक संस्कृति र परम्परामा प्रतिकूल असर नपर्ने
गरी गण्डकी गाउपालिकाका विभिन्न भागहरूमा सन्चालन गर्ने, गराउने र त्यस्ता साहसिक पर्यटन सम्बन्धी कृयाकलापहरू सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

(झ) र्राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा–सम्मेलन, व्यापार मेला, सांस्कृतिक तथा युवा महोत्सव, खेलकूद प्रतियोगिता लगायत अन्य रचनात्मक तथा प्रबद्र्धनात्मक पर्यटकीय उत्पादनसंग सम्बन्धित क्रियाकलापहरू आफैले सञ्चालन गर्ने र निजी क्षेत्रलाई समेत त्यस्ता
क्रियाकलापहरू सन्चालन गर्न प्रोत्साहित गर्ने ।

(ञ) ऐतिहासिक महत्व भएका स्थलहरू तथा मठ मन्दिर, गुम्बाहरूको संरक्षण सम्बन्धी विविध

क्रियाकलापहरूमा स्थानीय जनसमुदायको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ट) पर्यटन पूर्वाधार तथा सुविधाहरूको सुदृढीकरणगर्दै नयाँ पर्यटन स्थलहरूको विकास गर्दा पनि खास गरी ग्रामीण पर्यटन स्थलहरूको विकासलाई प्राथमिकता दिने र ग्रामीण पर्यटन विकासका विविध कार्यक्रमहरू सन्चालन गर्न स्थानीय ग्रामीण समुदायलाई उत्प्रेरित गर्ने ।

(ठ) नयाँ पर्यटन स्थलहरूको पूर्वाधार निर्माण र विकासमा लगानी परिचालन गर्ने, गराउने।

(ड) धार्मिक तीर्थस्थलहरूको संरक्षण तथा सम्बद्र्धन गरी धार्मिक पर्यटनको विकास गर्नको लागि धार्मिक तथा सांस्कृतिक महत्वका स्थलहरूमा पर्यटकहरू बढी आकर्षित हुने गरी सुविधाहरू विस्तार गर्नुका साथै यस्ता स्थलहरूलाई अन्तर्राष्ट्रिय धार्मिक केन्द्रको रूपमा विकसित गर्ने, गराउने।

(ढ) अन्तर्राष्ट्रिय पर्यटन उद्गम बजारहरूमा प्रतिस्पर्धात्मक रूपमा पर्यटन प्रबद्र्धन गरी गण्डकी गाउँपालिकालाई विश्वको एक प्रमुख पर्यटन केन्द्रको रूपमा विकसित गर्ने, गराउने।

(ण) वन्यजन्तु अवलोकन जस्ता पर्यटनको विकास र प्रबद्र्धन गर्ने ।

(त) मित्र स्थानीय तहहरूसंग समन्वय गरी पारस्परिक लाभमा आधारित अन्तर पालिका पर्यटन सम्बन्धी गतिविधिहरूमा बृद्धि गर्ने ।

(थ) पर्यटन जन चेतनाको लागि विभिन्न तहमा प्रचार, प्रसार कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

(द) पर्यटन व्यवसायीहरूबाट पर्यटकहरूलाई प्रदान गरिने सेवा तथा

(भ) पर्यटन प्रबद्र्धन, पूर्वाधार विकास, पर्यटन सेवा, सुविधा विस्तार गर्नको लागि गण्डकी गाउँपालिका तथा अन्य सरकारी स्वामित्व भएको संस्था वा गैर सरकारी संस्थाबाट प्राप्त भएको रकम सोही कार्य गर्नको निमित्त खर्च गर्ने ।

(म) नेपाली पर्यटकहरूलाई आवश्यक सेवा तथा सुविधा उपलब्ध गराउनको लागि सहयोग गरी आन्तरिक पर्यटनको विकासमा सहयोग पुयाउने।

(य) पर्यटन व्यवसायमा संलग्न रहेको कुनै पनि संगठित संस्थाको शेयर वा धितोपत्र खरिद गर्ने वा प्राप्त गर्ने ।

(र) पर्यटन प्रबद्र्धनमा सघाउ पु¥याउने कारोबारमा पूँजी लगानी गर्ने ।

(ल) बोर्डको उद्देश्य पूर्तिको लागि गण्डकी गाउँपालिका को स्वीकृति लिई विदेशी वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्झौता गर्ने ।

(व) बोर्डको वार्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट स्वीकृत गर्ने ।

(श) पर्यटन व्यवसायको विकास, विस्तार र प्रबद्र्धन सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने, गराउने।

७. बोर्डले आवश्यक सेवा शुल्क लिन सक्नेः बोर्डले पर्यटक तथा पर्यटन व्यवसायहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा वापत तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ ।

८. बोर्डले आर्थिक स्रोत जुटाउन सक्ने : बोर्डले आफ्नो कार्यक्रम सञ्चालन गर्नको निमित्त गण्डकी पालिका, सरकारी स्वामित्व भएको संस्था, गैरसरकारी संस्था, विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था वा निकायबाट ऋण, अनुदान, दान दातव्य वा उपहार लगायत आवश्यक आर्थिक स्रोत जुटाउन सक्नेछ ।

## ९.समितिको गठन :

९.१ बोर्डको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि देहायका सदस्यहरू भएको सञ्चालक समिति गठन गरिएको छ :-

९.१.१ गाउँपालिका अध्यक्ष - अध्यक्ष

९.१.२ प्रमुख प्रशासकीय अधिकृत- सदस्य

९.१.३ शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य

९.१.४ पर्यटन व्यवस्थापन सम्बन्धमा अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको वा नियुक्ति गरेको व्यक्ति - सदस्य सचिव

९.१.४ उपभोक्ता हितको संरक्षणमा संलग्न उपभोक्ताहरूको सस्था मध्धेवाट गाउपलिकामा सुचिकृत भएका पर्यटन सम्वधी सथा वा विज्ञका तर्फवाट दुई जना महिला प्रतिनिधि सहित ३ जाना – सदस्य

९.२ गाउँपालिकाले आवश्यक देखेमा राजपत्रमा सूचना प्रकाशन गरी सञ्चालक समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

९.४ समितिले आवश्यक देखेमा कुनै विदेशी वा स्वदेशी विशेषज्ञ वा सल्लाहकारलाई सञ्चालक समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

९.५ बोर्डको संचालक समितिमा नियुक्त भएका सदस्यहरुको पदावधि नियुक्त भएको मितिबाट तीन बर्ष रहने छ । बोर्डले आवश्यकता देखेमा यस अघि नियुक्त भएका सदस्यहरुलाई पुनः एक कार्यकालका लागि नियुक्त गर्न सक्नेछ ।

## १०. समितिको बैठक सम्बन्धि कार्यविधि :

१०.१ समितिको बैठक आबश्यकता अनुशार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

१०.२ समितको कुल सदस्य संख्याको पचाश प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

१०.३समितिको बैठक अध्यक्षको परामर्शमा सदस्य सचिव ले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफुमध्धेवाट छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

१०.४ समितिको वैठकमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत् दिन सक्ने छ।

१०.५ समितको निर्णय सदस्य सचिव ले प्रमाणित गर्नेछन ।

१०.६ समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

१० क  काम कारवाही अमान्य नहुने : संचालक समितिको कुनै सदस्यको पद रिक्त रहेको कारणले मात्र संचालक समितिको कुनै कारवाही अमान्य हुने छैन ।

## ११. उप समिति गठन गर्न सक्ने :

११.१ समितिले आफ्नो काम कारवाही सुचारु रुपले संचालन गर्नको लागि आबश्यकता अनुशार विभिन्न उप समितिहरु गठन गर्न सक्ने छ ।

**१२. कर्मचारी सम्बन्धि ब्यबस्था :**

१२.१ बोर्डले आबश्यकता अनुसार कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

१२.२ बोर्डका कर्मचारीहरुको पारिश्रमिक सेवाको सर्त तथा सुविधा सम्बन्धि व्यवस्था गाउ गाउँपालिकाले तोकिदिए बमोजिम हुने छ ।

१२. ३ सदस्य सचिव कार्यपालिकाले तोके अनुसार हुनेछ।

**१३. समितिका सदस्य र बोर्डका कर्मचारी उपर प्रतिवन्ध :**

समितिको सदस्य बोर्डका कर्मचारी र सल्लाहकारले बोर्डसंगको ठेक्का पट्टामा प्रत्यक्ष वा परोक्ष रुपले हिस्सेदार हुन् पाउने छैनन।

## १४. बोर्डको कोष :

**१४.**१ बोर्डको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा देहायका रकमहरु रहनेछन :-

**१४.**२ गाउपलिकावाट प्राप्त रकम,

**१४.२.१**अन्तर्राष्ट्रिय वा विदेशी संघ संस्थाबाट प्राप्त रकम,

**१४.२.२** बोर्डको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

**१४.२.३** उर्जाको सेवासुविधा प्रदान गरे बापत प्राप्त महसुल तथा सेवा

**१४.२.४** शुल्क र अतिरिक्त शुल्क तथा जरिवानाको रकम,

**१४.२.५** बोर्डलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**१४.३** बोर्डको सबै रकम बोर्डको नाममा स्थानीय तहले कारोबार गरेको कुनै पनि बैंकमा खाता खोली जम्मा गर्न सक्नेछ ।

**१४.४** बोर्डको तर्फबाट व्यहोर्नु पर्ने सम्पूर्ण खर्च उपदफा २०.१ बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**१४.५** बोर्डको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

## १५. बोर्डको लेखा र लेखापरीक्षणः

१५.१ बोर्डको लेखा गाउँकार्यपालिकाको स्वीकृति लिई समितिले निर्धारण गरेको ढाँचा र तरिका बमोजिम राखिनेछ ।

१५.२ बोर्डको लेखा परीक्षण गाँउपालिकाको आन्तरिक लेखा परीक्षक इकाई बाट हुनेछ ।

१५३.३ गाउँकार्यपालिकाले चाहेमा संस्थाको हिसाब किताब सम्बन्धी कागजातहरू र नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## १६. जग्गा प्राप्त गर्नेः

**१६.१** बोर्डलाई देहायको प्रयोजनको लागि गाउकार्यपालिकाले प्रचलित कानून बमोजिम आवश्यक जग्गा प्राप्त गरी दिन सक्नेछ :-

**१६.१.१** पार्टन बिकाश केन्द्र , भिउ तावोर , पार्क आदि पर्यटन सित जोडिएका संरचनाहरुको निर्माणका लागी ।

**१६.१.२** बोर्डको कार्यालय स्थापना वा भवन निमार्णका लागी,

**१६.१.३** बोर्डको उद्देश्य पूर्तिका लागि आवश्यक अन्य काम गर्न ।

## १७. सार्वजनिक वा निजि जग्गाको उपयोग वा प्राप्ती गर्न सक्ने :

१७.१ पर्यटन सम्बन्धि विभिन्न ब्यवाशयको बिकाश तथा प्रवर्धनका लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आबस्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले बोर्ड समक्ष निवेदन दिन सक्ने छ ।

१७.२ बोर्डले उपदफा २३.१ बमोजिमको निवेदन प्राप्त भएमा बोर्डले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानून बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिएसरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराई दिन सक्नेछ । सरकारी जग्गा भएमा अनुमतिपत्रको अवधिभरको लागि पट्टा (लीज) मा उपलब्ध गराउनेछ ।

१७.3 बोर्डले वा अनुमतिपत्र प्राप्त व्यक्तिले उर्जाको उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कुनै निर्माण कार्य गरेकोमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरीपरी तोकिएको दूरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी गाउँपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानि नोक्सानी बापत गाउँपालिका वा अनुमतिपत्र प्राप्त व्यक्तिले तोकिए बमोजिम क्षतीपूर्ति दिनेछ ।

## १८. काम कारवाई गर्न मनाही :

१८.१ कसैले पनि देहायमा लेखिएको कुनै काम कारबाही गर्न वा गर्न लगाउन हुँदैनः-

१८.१.१ पर्यटन बिकाश सम्बन्धित कुनै पनि किसिमका सार्वजनिक संरचना बिगार्न, तोडफोड गर्न वा त्यसमा कुनै किसिमले क्षति पुर्याउन,

१८.१.२ पर्यटन बिकाश सम्बन्धि संरचना निर्माण वा कुनै पनि कार्य गर्दा भू- क्षय, बाढी, पहिरो, वायु-प्रदुषण इत्यादि दुवार वातावारनमा प्रतिकुल असर पुर्याउन,

१८.१.३ यो एन वा यस एन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्न वा गराउन,

## १९. सजाय:

१९.१ उपदफा १८.१.१. विपरीत काम कारबाही गर्ने गराउनेलाई बिगो असुल गरी पच्चिस हजार रूपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

१९.२ देहायको काम कारबाही गर्ने गराउनेलाई बोर्डले वा बोर्डले तोकेको दफा ११ बमोजिमको कुनै उपसमितिले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ :-

१९.२.१ उपदफा १८.१.२ विपरीत काम कारबाही गर्ने गराउनेलाई पच्चिस हजार रूपैयाँसम्म जरिवाना,

१९.२.२ उपदफा १८.१.३ विपरीत काम, कारबाही गर्ने गराउनेलाई पचास हजार रूपैयाँसम्म जरिवाना,

## २०. पुनरावेदन :

उपदफा १९.२ बमोजिम दिएको सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ र पुनरावेदन अदालतको निर्णय अन्तिम हुनेछ।

## २१. सरकारी बाकी सरह असुल उपर गर्ने:

यस ऐन बमोजिम लगाइएको महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा दफा २० बमोजिम बोर्ड वा उपसमितिले गरेको जरिवानाको रकम नबुझाउने व्यक्तिबाट बोर्डले त्यस्तो महसुल, सेवा, शुल्क, अतिरिक्त शुल्क तथा जरीवानाको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ।

## २२. अधिकार प्रत्यायोजन:

२२.१ समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार अध्यक्ष, समितिका कुनै सदस्य वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२.२ अध्यक्ष आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार बोर्डको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२३ गाउँकार्यपालिकाले निर्देशन दिन सक्ने :**

गाउँकार्यपालिकाले बोर्डलाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु बोर्डको कर्तव्य हुनेछ ।

**२४. गाउँकार्यपालिकाको अधिकारः**

२४.१ बेर्डले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा गाउँकार्यपालिकाले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

२४.२ बोर्डले गर्नुपर्ने काम पूरा गरिसकेको छ वा बोर्डले आफूले गर्नु पर्ने काम, कर्तव्य वा आदेश वा निर्देशनको पालना गरेको छैन वा बोर्ड कायम राख्न आवश्यक छैन भन्ने गाउँकार्यपालिकाले ठहऱ्याएमा बोर्डलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

२४.३ उपदफा २४.२ बमोजिम बोर्ड विघटन भएमा सो बोर्डको हक तथा दायित्व गाउँकार्यपालिकामा सर्नेछ ।

**२५ नियम बनाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँकार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२६. विनियम बनाउने अधिकारः**

बोर्डले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक काम कारबाही सुव्यवस्थित गर्नको लागि गाउँकार्यपालिकाको स्वीकृति लिई आवश्यक विनियमहरु बनाउन सक्नेछ ।

आज्ञाले,

पुरण गुरुङ

प्रमुख प्रशासकीय अधिकृत